**बाँसगढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

# शिक्षा, युवा तथा खेलकुद शाखा

**बाँसगढी बर्दिया**

**५ नम्बर प्रदेश, नेपाल**

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या : २०७६/०७७

चलानी नं. २२८

मितिः २०७६/०५/२३

**विषय : शिक्षक आवश्यकताबारे विज्ञापन प्रकाशन गरिएको बारे।**

प्रस्तुत विषयमा बाँसगढी नगरपालिकामा विद्यालय शिक्षा संचालन व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि २०७४ (प्रथम संशोधनसहित) अनुसार यस बाँसगढी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा आ.व.२०७६/०७७ को लागि विद्यालयमा रिक्त रहेका तपशील बमोजिमका सशर्त तथा निशर्त अनुदान तथा राहत अनुदान कोटामा प्रतिश्पर्धाको माध्यमबाट करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा तपशिल बमोजिम शिक्षक व्यवस्थापन गर्नुपर्ने भएकोले योग्य उम्मेदवारहरुले प्रमाणपत्रका प्रमाणित प्रतिलिपी सहित नगरपालिकाबाट निर्धारण गरिएको फाराम भरी सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र)दिन भित्र बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा दरखास्त फाराम पेश गर्नको लागि नगर शिक्षा समितिको मिति २०७६/०५/११ को निर्णयानुसार यो विज्ञापन/सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र. सं. | तह | विज्ञापन नं. | किसिम | संख्या | विषय | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | विज्ञान/गणित | सामाजिक | |
| १ | माध्यमिक | १०१/०७६/०७७ | राहत | १ | ० | ० | ० | ० | ० | १ | |
| २ | माध्यमिक | १०२/०७६/०७७ | शिक्षण सुधार अनुदान | १ | ० | १ | ० | ० | ० | ० | |
| ३ | माध्यमिक | १०३/०७६/०७७ | नगर अनुदान | ८ | १ | ० | ० | ४ | २ | १ | |
| ४ | निम्न माध्यमिक | १०४/०७६/०७७ | शिक्षण सुधार अनुदान | ५ | ० | ० | १ | १ | ३ | ० | |
| ५ | निम्न माध्यमिक | १०५/०७६/०७७ | नगर अनुदान | १ | ० | ० | ० | ० | १ | ० | |

नोट : माध्यमिक तहको सामाजिक विषयको राहत अनुदान कोटामा विज्ञापन भएको १५ दिनभित्र शिक्षक सेवा आयोगले प्रकाशन गरेको करार सूचिमा उल्लेखित उम्मेदवारबाट दरखास्त पेश भएमा प्राथमिकताका आधारमा करार सूचिबाट नै शिक्षक सिफारिस गरिनेछ।

**शिक्षक पदपूर्ति हुने विद्यालय :**

- सामाजिक (मा. वि. ) : जीवनज्योति मा. वि. राँझा (राहत) , ने. रा. मा. वि. लक्ष्मणपुर (नगर अनुदान)
- अंग्रेजी (मा. वि.) शिक्षण सुधार अनुदान : लालीगुराँस मा. वि. माछागढ।
- नेपाली (मा. वि.) नगर अनुदान : रामजानकी मा. वि. भैंसासुर।
- विज्ञान (मा. वि.) नगर अनुदान : पूर्णहिरा मा.वि. लक्ष्मणा, आदर्श मा. वि. मोतिपुर, जनप्रिय मा. वि. दमौली र लक्ष्मी मा. वि. चेपाङ्।
- गणित/विज्ञान (मा. वि.) नगर अनुदान : लालीगुराँस मा. वि. माछागढ र पृथ्वी मा. वि. लखना।
- गणित (नि.मा.वि.) शिक्षण सुधार अनुदान : प्रभात आ .वि. मदाहा।

अम्मर राज खत्री

प्रमुख प्रशासकिय अधिकृत

- विज्ञान (नि.मा.वि.) शिक्षण सुधार अनुदान : दशरथ चन्द आ. वि. गौरिपारा ।
- गणित/ विज्ञान (नि.मा.वि.) शिक्षण सुधार अनुदान : पृथ्वी मा. वि. लखना, विश्वज्योति आ. वि. राजिपुर र अमर शहिद दशरथ चन्द आ. वि. मटेरिया ।
- गणित/ विज्ञान (नि.मा.वि.) नगर अनुदान : शिव आ. वि. उत्तरभकारी ।

**उम्मेदवारमा हुनुपर्ने आवश्यक न्युनतम योग्यता :**

- निम्न माध्यमिक तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र माध्यमिक तहको लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक गरेको ।
- सम्बन्धित तह वा माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- दरखास्त फाराम बुझाउने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**उम्मेदवारले अनिवार्य रुपले पेश गर्नु पर्ने कागजातहरु :**

- नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम ।
- परीक्षा दस्तुर : निम्न माध्यमिक तहको लागि रु.७००/- र माधयमिक तहको लागि रु.१०००/- राजश्व शाखामा दस्तुर बुझाएको सक्कल भौचर अनिवार्य समावेश गर्नु पर्नेछ । एकभन्दा बढी विज्ञापन नम्बरमा दरखास्त दिने उम्मेदवारले सम्बन्धित तहका लागि निर्धारित थप दस्तुर बुझाउनु पर्नेछ ।

**पुनश्च:**

- दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी हस्ताक्षर सहित प्रमाणित गरेको हुनु पर्नेछ ।
- दरखास्त फाराममा उल्लेखित विवरणहरु भरी साधारण फाइलमा उम्मेदवारको नाम, थर, तह, विषय समेत लेखी तोकिएका कागजातहरु सहित बुझाउनु पर्नेछ ।
- परीक्षाको किसिम : लिखित परीक्षा तथा अन्तर्वार्ता (आवश्यक परेको खण्डमा प्रयोगात्मक समेत)
- परीक्षाको पाठ्यक्रम : शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम ।
- दरखास्त फाराम पेस गर्ने अन्तिम मिति : २०७६ असोज ६ गते सम्म । (दोब्बर दस्तुरको व्यवस्था गरिएको छैन )
- लिखित परीक्षा हुने मिति : छनौट समितिले तोक्नेछ । उक्त सूचना नगरपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
- परीक्षा केन्द्र : छनौट समितिले तोके बमोजिम सम्पर्क मितिमा जानकारी गराइनेछ ।
- अन्तरवार्ताको मिति र स्थान: छनौट समितिको निर्णयानुसार मिति र स्थानको सूचना लिखित परीक्षाको दिन प्रकाशित गरिनेछ ।
- कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन ।
- म्याद नाघी आएको तथा कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम उपर कुनै पनि कारवाही नहुने तथा जुनसुकै बखत रद्द गरी कानुन बमोजिम कारवाही गरिने छ ।
- उम्मेदवारहरु यस विज्ञापनमा उल्लेख भएका कुराहरुको अतिरिक्त प्रचलित ऐन नियम र शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित) को नियम १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
- दरखास्त फाराम बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

अम्मर राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

अम्मर राज खत्री
प्रमुख प्रशासकिय अधिकृत